# श्मसान वैराग्य
- स्वामी आनन्द अरुण

अति धन्याड्य र प्रतिष्ठित आफ्ना आफन्तलाई अन्तिम दाहसंस्कार गर्न आएका तीन बुद्धीमान नवयुवकहरूलाई वरिपरि मानिसहरूको चिता जलिरहेको देखेपछि जीवनको क्षणभंगुरता र व्यर्थताको बोधले च्यापेछ । 'यत्रो श्रीसम्पत्ति, इज्जत र कीर्ति आर्जन गरेका महासेठ त खाली हात, दुःखी, रोगी भएर मरे, हामी के का लागि यत्रो उपद्रव गरिरहेका हौ ? यो कसैलाई नछोड्ने मृत्युलाई नै पहिले चिनौं । बुद्धले मृत्यु देखेरै यो संसार छाडे र ज्ञान प्राप्त गरेर फर्के । हामी पनि सबभन्दा पहिले मृत्यु के हो त्यसलाई चिनौं, यसमाथि विजय प्राप्त गरौं । बाँकि पछि देखा जाएगा ।' भन्दै मृत्युलाई खोज्न तिनै जना यात्रामा हिंडेछन् । उनीहरूले अनेक गुरु, साधु, सन्तलाई भेटी 'हामीलाई मृत्युको दर्शन गराइदिनुस्, उसलाई चिन्न र बुझ्न चाहान्छौं' भन्दै धेरै ठाउँ भैतारिए तर कसैले उनीहरूको जिज्ञासा शान्त गर्न सकेन । घुम्दै जाँदा अन्ततः उनीहरू एक गाउँमा नाम चलेका एक पाको उमेरका ज्ञानी कहाँ पुगे र पुरानै आफ्नो प्रश्न दोहोऱ्याए, उनीहरूको प्रश्न सुनेर ति ज्ञानीले भनेछन्, 'तिमीहरू घर फर्क । यसरी भौंतारिएर मृत्युको पछाडि लाग्नु ठीक छैन । उसलाई नखोजेपनि एकदिन तिमीहरूलाई लिन मृत्यु स्वयम् आफै आइहाल्छ ।' तर हठी नवयुवकहरूले अत्यन्त जिद्दी गरे 'हामी जसरी भएपनि जतिसक्दो चाडो मृत्युलाई भेट्न चाहन्छौं । उसलाई नभेटिन्जेल हामी फर्किनेवाला छैनौं । त्यो भन्दा अघि हामीलाई संसारमा फर्क भनेर नभन्नुस् ।' नवयुवकहरूको अति जिद्दीपना देखेर टाढाको डाँडालाई देखाउदै उनले भने, 'उ त्यो डाँडाको टुप्पोमा झ्याम्म परेको जुन ठूलो रुख छ, त्यसको फेदमा मैले मृत्युलाई बसेको देखेको छु । त्यहाँ तिमीहरू पुग्यौ भने मृत्यलाई भेट्नेछौं ।' तर बुढाले उनीहरूलाई सावधान गर्दे भने 'सकभर तिमीहरू त्यहाँ नगए बेस । त्यहाँ गएपछि केही सही सलामत फर्किदैन ।'

मृत्युको ठेगाना अन्तत भेटाएकोमा युवकहरू यति उत्साहित भए कि बुढाको पुरा कुरा सुन्दै नसुनी त्यो रुख तर्फ दौडिहाले । हस्यागफस्याग गर्दे ति तीनै अन्ततः डाँडामाथिको त्यो रुखको फेदमा पुगे ।

त्यहाँ पुगेपछि उनीहरूले के देख्छन् भने ठुलो थैलोमा निकै किमती सुनका गहना, असर्फि र थुप्रै नोटहरू रहेछन् । यो देखि तिनै अच्चम्भित भए । बिस्तारै उनीहरूको मनमा त्यो धनले लोभको रूपमा डेरा जमाउन थाल्यो । जीवन भरी कमाएपनि आफूले कहिल्यै त्यति सम्पत्ति जम्मा गर्न नसक्ने भाव उत्पन्न भयो त्यसलाई आफ्नो बनाउने कामनाले ह्रदयमा जरा गाड्यो । तीनैजना एकछिन बसी शान्तिपूर्वक विचार गर्न थाले 'अब यत्रो धन भेटिहाल्यौं । बराबरी बाडौं । सुख, शान्ति र मौजमस्तिपूर्वक जीवन व्यवहार चलाऔं । आखिर बुढाले भनेकै छ, एकदिन मृत्यु घर मै आइपुगी हाल्छ ।'

तर ती मध्ये सबैभन्दा जेठोले सुझायो 'दिनजमाना ठीक छैन यत्रो सम्पत्ति भएको थैला सबैले देख्ने गरी शहरबाट लिएर जान ठीक छैन । साँझ परोस्, आ-आफ्नो भाग बाँडौला र चुपचाप घरतिर लागौला ।' 'यतिका दिनसम्म राम्ररी खाएको छैन, भोकपनि अति लागेको छ, साँझसम्म भोकै कसरी बस्ने ?' कान्छोले प्रश्न गऱ्यो । थैलोबाट मुद्रा दिदै दुबैले कान्छालाई

अराए 'सबैभन्दा कान्छो तिमी नै हौ । तल गएर जे जे मनलाग्छ खानेकुरा लिएर आउ । हामी दुबैजना यसको सुरक्षा गरेर बस्छौं ।' यो सुनेर कान्छोको मनमा चिसो पसेछ - यी दुबै मिलेर मलाई मात्रै किन पठाउँदैछन् । धनको त्यत्रो थैलो छोडेर जान कान्छालाई मन थिएन् । तर अरु कुनै विकल्प नदेखी उ खानेकुरा लिन तल लाग्यो । बाटोमा उसको मनमा लोभको छिऱ्यो र मन धमिलियो । नाना विचारहरू चल्न थाले - यत्रो सम्पत्ति तीनभाग लगाउँदा मैले एक भाग मात्रै पाउँछु, त्यसले मेरो सबै इच्छा कहाँ पुरा हुन्छ ? त्यो पुरै सम्पत्ति आफ्नो भएमात्र मौज हुन्छ । तृष्णाले कलुषित उसको मनमा एकाएक भयानक षडयन्त्रको जन्म भयो । बजारपुगी उसले टन्न खायो र अनि आफैपनि रक्सी चढायो । मीठो मीठो खानेकुरा साथै उनीहरूलाई पनि रक्सी किनिदियो र त्यसमा विष मिलाइदियो । 'यो खाएपछि ति दुबै त्यहीं ढल्छन्, अनि म त्यो सारा सम्पत्ति एक्लै लिएर टाप कस्छु ।' भविष्यको कल्पनामा डुबेर उ त्यो खाना लिई डाँडातिर लाग्यो ।

टुप्पामा धनको पोको कुरेर बसेका दईजनाको मनमा त्यस्तै लोभको जन्म भएछ । तीनभाग लगाउँदा आफ्नो भागमा कम पर्ने र त्यतिले सबै इच्छा पनि पुरा नहुने निष्कर्शमा उनीहरू पुगे । पहिलोले भन्यो, 'यही मौका हो त्यो तल गएको बेला यो सम्पत्ति लिएर भागौं र घर पुगी यसलाई दुईभागमा बराबर बाडौं ।' अर्कोले भन्यो 'कान्छो मुर्ख छ र ? घर मै आफ्नो भाग लिन आईपुग्छ । हल्लाखल्ला मचाउला र अनि फसादपर्छ । त्यसकारण उसलाई यहाँ माथि आउन दिउ । यदि साँच्चै नै सम्पत्ति हामी दुबैजना मै बाड्ने हो भने उसको इहलीला यही समाप्त गरेर हामी यो सम्पत्ति लिएर निश्चिन्त यहाँबाट निस्कौला ।' यही षडयन्त्र पुरा गर्न उनीले कान्छोलाई कुरे । यति मै प्रशस्त खानेकुरा लिई कान्छो आइपुग्यो । कान्छोले आउनसाथ भन्यो, 'मैले टन्न खाएर आएको छु । माथिसम्म पाइपुग्दा थाकेपनि । तिमी खाओ म रुखमुनि एकछिन विश्राम गर्छु ।' यो कुरा सुनी उनीहरू झन प्रशन्न भए । कान्छोले आखा चिम्लिना साथै ती दुबै मिलेर छुरी हानी उसको जीवनलीला समाप्त गरिदिए । 'ठूलो झनझट सकियो अब आरामसाथ खाना खाऔं र साँझ परेपछि सम्पत्ति बाँडी बिस्तारै घरतिर लागौंला ।' त्यो सम्पत्तिले अनेकरूप लिएर उनीहरूको आँखाको अगाडि भविष्य सपनाको रूपमा नाच्न थाल्यो - विशाल घर, नयाँ गाडी, टेलिभिजन, विलाशिताका अनेकन सामानको रूपमा । त्यही भविष्यको कल्पनामा रमाउँदै उनीहरूले टन्न खाए र विषालु भोजन र मदिराको प्रभावले त्यहीं ढले । त्यो धनको पोको जस्तोको त्यस्तै त्यही रह्यो । 'रुखमुनी तिमीहरूले मृत्यु भेटट्ाउने छौ' भनेको बुढाको कथनपनि सत्य निस्कियो । मृत्यु सधै छद्‌म भेषमा आउँदोरहेछ । कहिले लोभ बनी, कहिले काम बनी ।

osho@tapoban.com

Monday, November 05, 2007
कार्तिक १९, २०६४